नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(............................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७७/१२/०८

विषय :- प्रेस विज्ञप्ती ।

विगत केही हप्ता देखि विश्वभरीआसगरी छिमेकी देशहरूमा कोभिड-१९ को संक्रमणवढ्दो क्रममादेखिएको छ। नेपालमा समेत संक्रमण बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै देशभर सभा, जुलुस, र्‍याली, भेला, जमघट, गोष्ठी, सेमिनार, बैठक, भीडभाडहुने व्यवसायर कार्यहरू नगर्नु हुन र सामाजिक/भौतिक दुरी, मास्कको अनिवार्य र उचित प्रयोग तथा साबुन पानीले राम्रो सँग हात धुने वा सेनिटाइजरको प्रयोग लगायतयस मन्त्रालयबाट विगतमा जारी गरिएका अन्य जनस्वास्थ्यका मापदण्डहरू समेत पालना गरी कोभिड-१९ को संक्रमण रोकथाममा सहयोग गर्न सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

प्रा.डा. जागेश्वर गौतम
प्रवक्ता

# नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

☎०१-४२६२५४३
४२६२५९०
रामशाहपथ काठमाण्डौ

पत्र संख्या: २०७७/०७८
चलानी: DAC-272

२०७७/१२/०८

श्री प्रदेश स्वास्थ्य निर्देशानलय, सातै प्रदेश,
श्री संघीय, प्रादेशिक अस्पतालहरु,
श्री स्वास्थ्य संस्थाहरु,
श्री सबै जिल्लास्थित स्वास्थ्य कार्यालयहरु,
श्री सीमा नाकाका हेल्थ डेस्कहरु ।

**विषय: कोभिड-१९ को व्यवस्थापन सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा हाल मित्रराष्ट्र भारतका विभिन्न प्रान्तहरुमा कोभिड-१९ को संक्रमण बढिरहेको र हाम्रो देशमा पनि सोको जोखिम बढ्ने सम्भावना रहेको हुँदा देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

- सबै प्रवेश बिन्दुका हेल्थ डेस्कहरुमा ज्वरो आएका यात्रुहरुको मलेरियाको Rapid Diagnostic Test (RDT) तथा सम्भव भए सम्म कोभिड-१९ को Antigen Test को व्यवस्था मिलाउनु हुन ।
- साथै test रिपोर्ट Positive आएकाहरुको उपचार व्यवस्थापन स्वास्थ्य संस्था वा अस्पतालसँग समन्वय गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मलेरिया तथा COVID-19 को व्यवस्थापन सम्वन्धि निर्देशिकाहरु बमोजिम गर्नुहुन।
- यस कार्यका लागि स्थानिय निकाय, अस्पताल, स्वास्थ्य संस्था तथा प्रयोगशालाहरुले आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नुहुन ।
- क्वारेन्टाइन आदेश,२०७७ बमोजिमका व्यवस्था लागु गर्नुहुन।
- रोगको निगरानी (Surveillance) लाई चुस्त बनाउनुहुन ।
- Case Investigation र Contact Tracing लाई बढावा दिनुहुन ।
- आवस्यक PCR तथा antigen Test को सुनिश्चतता गर्नुहुन ।
- सबै अस्पताल र स्वास्थ्य संस्थाहरु माहामारी व्यवस्थापनका लागि आवश्यक तयारी अवस्थामा रहनुहुन ।
- आफ्नो पालिकाहरुमा संक्रमणको उच्च जोखिम क्षेत्र (Hot Spot) पहिचान गरि "समुदायस्तरमा कोभिड-१९को गरिने Antigen परीक्षण प्रकृया सम्बन्धी प्रोटोकल" बमोजिम गर्नुहुन ।
- सबै निकायहरुले जनस्वास्थ्यका मापदण्डहरुको कडाइका साथ पालना गराउनका लागि आवश्यक पहल तथा प्रचारप्रसार गरिदिनुहुन ।

..............................
डा.जागेश्वर गौतम
महाशाखा प्रमुख